नेपाली राजदूतावास
Embassy of Nepal
Geneva, Switzerland

## विद्युतीय राहदानी (E-Passport) सेवा शुरू गरिएको सम्बन्धमा

यस नियोगले स्विट्जरल्याण्ड, इटाली, सानमारिनो र लिचेश्टाइनमा बसोवास गर्ने नेपालीहरूका लागि मिति २०७९ बैशाख २ गते (१५ अप्रिल २०२२) देखि लागुहुने गरी विद्युतीय राहदानी (E-Passport) सेवाको आवेदन लिने कार्य शुरू गरिएको व्यहोरा सूचित गरिन्छ। विद्युतीय राहदानीको आवेदन सम्बन्धी विस्तृत जानकारी यस नियोगको वेवसाइट www.gva.nepalmission.gov.np मा हेर्न सकिनेछ।

इटाली, सानमारिनो र लिचेश्टाइनमा बसोवास गर्ने नेपालीहरूको हकमा हाललाई यस नियोग रहेको शहर जेनेभामा नै उपस्थित हुन सक्नेको हकमा मात्र विद्युतीय राहदानीको आवेदन स्वीकार गर्न सकिने छ। अन्यको हकमा अर्को व्यवस्था नहुन्जेल MRP (Machine Readable Passport) को नै फाराम लिइनेछ।

राहदानीका लागि अनलाइन आवेदन फाराम भर्दाकै वखत नियोगमा उपस्थित हुने मिति र समय छनौट गर्न सकिने हुँदा आफ्नो अनुकूल समय छनौट गरी सोही समयमा आवश्यक कागजात सहित नियोगमा उपस्थित हुन जानकारी गराइन्छ। अनलाइन मार्फत लिइएको समयमा उपस्थित हुन नसकेमा पुन अर्को समय लिएरमात्र नियोगमा उपस्थित हुनुपर्नेछ।

स्विटजरल्याण्डमा बसोवास गर्ने नेपालीको हकमा भने अब उप्रान्त MRP आवेदन स्वीकार नगरिने व्यहोरा जानकारी गराइन्छ।

नेपाली राजदूतावास
जेनेभा

नेपाली स्थायी नियोग/राजदूतावास,
जेनेभा

81, rue de la serviette, CH-1202 Geneva, Switzerland Tel. : +41(0)22 733 2600/2621, Fax : +41(0)22 733 2722
E-mail : mission.nepal @bluewin.ch, pmngeneva@mofa.gov.np, website: www.gva.nepalmission.gov.np